


वर्ष ४४ | अङ्क २ | नेपाल राष्ट्र बैंक समाचार | कार्तिक २०७६ | अक्टोबर-नोभेम्बर २०१९

# ६१ प्रतिशत जनसंख्यामा वित्तीय पहुँच



मुलुकको झण्डै ६१ प्रतिशत जनसंख्यामा वित्तीय पहुँच विस्तार भएको नेपाल राष्ट्र बैंकको पछिल्लो एक अध्ययनले देखाएको छ ।

बैंकको अनुसन्धान विभागद्वारा २०७६ असोजमा सार्वजनिक गरिएको 'नेपालमा वित्तीय पहुँचको स्थिति' विषयक अध्ययन अनुसार, निक्षेप खाताको संख्या १ करोड ८० लाख पुगेको छ । यो संख्या नेपालको कुल जनसंख्याको ६०.९ प्रतिशत हो ।

२०७६ जेठ मसान्तमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीमा स्वदेशी र विदेशी गरी कुल २ करोड ७८ लाख ६७ हजार निक्षेप खाता रहेकोमा तीनपुस्ते विवरणका आधारमा एक व्यक्तिको एकभन्दा बढी निक्षेप खाता र विदेशी नागरिकको निक्षेप खाता हटाउँदा १ करोड ८० लाख नागरिकको व्यक्तिगत बचत खाता कायम हुने अध्ययनको निष्कर्ष छ । २०७६ सालमा नेपालको जनसंख्या २ करोड ९६ लाख पुगेको अनुमानका आधारमा वित्तीय पहुँचको हिस्सा ६०.९ प्रतिशत रहेको यकिन गरिएको हो । लघुवित्त वित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्थाबाट वित्तीय सेवा प्राप्त गर्ने जनसंख्यालाई समावेश गर्ने हो भने यो हिस्सा अझै बढ्नसक्ने अध्ययनको निष्कर्ष छ ।



nepalitimes.com

राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको शाखा संख्या विगत चार वर्षको अवधिमा दोब्बर वृद्धि भएको अध्ययनले देखाएको छ । अध्ययन अनुसार, २०७६ साउन मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ८ हजार ८०५ पुगेको छ । २०७३ असारमा यो संख्या ४ हजार २७४ मा

सीमित थियो ।

सबै स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखा पुऱ्याउने नीति अनुरूप २०७६ असोजसम्ममा ७३९ स्थानीय तहमा बैंकको शाखा विस्तार भइसकेको छ । २०७४ असार मसान्तमा २९६ स्थानीय तहमा मात्रै बैंक शाखा पुगेको थियो । अब १४ स्थानीय तहमा मात्रै बैंकको शाखा विस्तार हुन बाँकी छ । अध्ययन अनुसार, प्रदेश नं. ५ का सबै स्थानीय तहमा बैंक शाखा पुगिसकेको छ भने प्रदेश नं. १ र गण्डकी प्रदेशमा एक-एक, प्रदेश नं. २, प्रदेश नं. ३ र कर्णाली प्रदेशका दुई-दुई तथा सुदुरपश्चिम प्रदेशको छ वटा स्थानीय तहमा बैंक शाखा पुगेको छैन ।

बैंक तथा वित्तीय संस्थाको शाखा विस्तारसँगै एक शाखाबाट सेवा प्राप्त गर्नसक्ने औसत जनसंख्याको आकार समेत क्रमशः घट्दै गएको छ । २०७३ असारमा एउटा शाखाबाट बैंकिङ सेवा प्राप्त गर्ने औसत जनसंख्या ६ हजार ५६२ रहेकोमा २०७६ असारमा यो अनुपात ३ हजार ३६३ मा सीमित भएको छ । प्रदेशगत रूपमा प्रति बैंक शाखा - जनसंख्या अनुपात सबैभन्दा कम गण्डकी प्रदेशमा २ हजार २५७ र सबैभन्दा बढी कर्णाली प्रदेशमा ४ हजार ९५८ रहेको अध्ययनले देखाएको छ ।




पछिल्लो समयमा बैंकिङ सेवामा विद्युतीय प्रविधिको प्रयोगमा समेत उल्लेख्य विस्तार भएको अध्ययनबाट देखिएको छ । २०७३ सालमा १ हजार ९०८ एटीएम सेन्टर रहेकोमा २०७६ मा यो संख्या ३ हजार ३१६ पुगेको छ । सोही अवधिमा डेबिट कार्डको संख्या ४६ लाख ५७ हजार १२५ बाट विस्तार भई ६७ लाख ८ हजार ५२१ पुगेको छ । २०७३ सालमा मोबाइल बैंकिङ प्रयोगकर्ताको संख्या १७ लाख ५५ हजार थियो । २०७६ मा आइपुग्दा यो संख्यामा पाँच गुणाले उत्साहजनक रूपमा वृद्धि भई ९ लाख पुगेको राष्ट्र बैंकको अध्ययनले देखाएको छ । सो अवधिमा इन्टरनेट बैंकिङ प्रयोगकर्ताको संख्या ५ लाख १५ हजार ४६५ बाट ९ लाख १७ हजार ३४४ पुगेको छ ।

बैंक तथा वित्तीय संस्थाको संख्यामा वृद्धि, शाखा विस्तार र वित्तीय प्रविधिको प्रयोगको वृद्धिसँगै वित्तीय पहुँच विस्तारले तीव्रता पाएको अध्ययनको निष्कर्ष छ ।

# सूचना प्रविधिमा लगानी बढाउनुस् : गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले सूचना प्रविधिमा लगानी बढाउन बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभएको छ ।

नेशनल बैंकिङ इन्स्टिच्युट (एनबीआई) द्वारा २०७६ असोज २ गते काठमाडौंमा आयोजित 'वित्तीय साइबर अपराध नियन्त्रण' विषयक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो आग्रह गर्नुभएको हो । गभर्नर डा. नेपालले भन्नुभयो, "वित्तीय क्षेत्रमा एकपछि अर्को साइबर अपराधका घटना बढिरहेका छन् । यसलाई नियन्त्रण गर्न सूचना प्रविधिलाई मजबुत बनाउनुपर्छ । त्यसको लागि सूचना प्रविधिमा लगानी बढाउनुपर्ने आवश्यकता छ ।"

सबल सूचना प्रविधि संयन्त्रको अभावमा बैंक तथा वित्तीय संस्थाको सम्पत्ति जोखिममा पर्नसक्नेतर्फ उहाँले सचेत गराउनुभयो । "वर्षौं लगाएर कमाएको आम्दानी एक क्लिकका भरमा जोखिममा पर्नसक्छ । त्यसैले सूचना प्रविधिमा लगानी बढाएर सिस्टमलाई सुरक्षित राख्नुस् ।" गभर्नर डा. नेपालले भन्नुभयो ।

सो अवसरमा एनबीआईका प्रमुख कार्यकारी अधिकृत सञ्जीव सुब्बाले नेपालका बैंक तथा वित्तीय संस्थाहरू साइबर सुरक्षाको दृष्टिले जोखिममा रहेको उल्लेख गर्दै सम्भावित दुर्घटना रोक्नको लागि सूचना प्रविधि प्रणालीलाई बलियो बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा वित्तीय क्षेत्रको सूचना प्रविधिसँग सम्बद्ध भारतीय तथा स्वदेशी विशेषज्ञ, नेपालका बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू लगायतको सहभागिता थियो । एक दिवसीय उक्त कार्यक्रममा सहभागीहरूबीच वित्तीय क्षेत्रमा अवलम्बन गरिएको सूचना तथा सञ्चार पद्धति, सम्भावित साइबर जोखिम र नियन्त्रणका उपायका सम्बन्धमा छलफल भएको थियो ।



# वित्तीय पहुँचमा उल्लेख्य विस्तार : गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले पछिल्लो समयमा वित्तीय पहुँच उल्लेख्य रूपमा विस्तार भएको बताउनुभएको छ ।

मिडिया इन्टरनेशनको सातौं वार्षिकोत्सवका अवसरमा २०७६ असोज १६ गते काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले पछिल्लो अध्ययन अनुसार करिब ६१ प्रतिशत जनसंख्यामा वित्तीय पहुँच विस्तार भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वित्तीय साक्षरता अभिवृद्धिका कारण वित्तीय पहुँचको विस्तार सम्भव भएको हो । यसबाट उद्यमशीलता विकासमा थप टेवा पुग्नेछ ।"

७५३ स्थानीय तहमध्ये ७३९ तहमा वाणिज्य बैंकको शाखा विस्तार भइसकेको जानकारी समेत गभर्नर डा. नेपालले दिनुभयो । सरोकारवाला सबै पक्षको साझा पहलमा वित्तीय साक्षरता र वित्तीय पहुँच विस्तारलाई




थप प्रभावकारी तुल्याउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

वित्तीय साक्षरता अभिवृद्धिमा मिडिया इन्टरनेशनले महत्वपूर्ण योगदान पुऱ्याएको चर्चा गर्दै आगामी दिनमा थप प्रभावकारी भूमिका निर्वाह गर्न उक्त संस्थालाई गभर्नर नेपालले शुभकामना समेत दिनुभएको थियो ।

कार्यक्रममा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाह, डेभलपमेन्ट बैंकर्स एशोसिएसन अफ नेपालका अध्यक्ष गोविन्दप्रसाद ढकाल लगायतले वित्तीय साक्षरताको महत्वबारे चर्चा गर्दै मिडिया इन्टरनेशनललाई शुभकामना दिनुभएको थियो ।

सो अवसरमा मिडिया इन्टरनेशनले पर्यटन, साहित्य, पत्रकारिता, शिक्षा लगायत विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूलाई सम्मान समेत गरेको थियो ।

# अध्यक्ष भण्डारीद्वारा गभर्नर नेपालसमक्ष सपथ



गभर्नर डा. चिरंजीबि नेपालले सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडका नवनिर्वाचित अध्यक्ष राजनसिंह भण्डारीलाई २०७६ असोज १२ गते पद तथा गोपनियताको शपथ ग्रहण गराउनुभयो । शपथ ग्रहणपछि गभर्नर डा. नेपालले नवनिर्वाचित अध्यक्ष भण्डारीलाई सफल कार्यकालको शुभकामना दिनुभयो ।

सिटिजन्स बैंकको २०७६ असोज १० गते सम्पन्न तेह्रौं वार्षिक साधारण सभाबाट सञ्चालक समितिको निर्वाचन पश्चात् सोही दिन बसेको सञ्चालक समितिको ३१४ औं बैठकले भण्डारीलाई अध्यक्ष पदमा चयन गरेको थियो । भण्डारीको कार्यकाल चार वर्षको हुनेछ । शपथ ग्रहण कार्यक्रममा डेपुटी गभर्नर शिवराज श्रेष्ठ, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, सिटिजन्स बैंक सञ्चालक समितिका सदस्य प्रबलजङ्ग पाण्डे, बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल लगायतका अधिकारीहरूको उपस्थिति थियो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुखले राष्ट्र बैंक समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

# डेपुटी गभर्नर शिवाकोटी कोलम्बोमा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी Currency Research द्वारा २०१९ सेप्टेम्बर २६-२८ मा श्रीलंकाको कोलम्बोमा आयोजित The SEACEN -BIS High-Level Seminar and the 18th Meeting of the SEACEN Executive Committee विषयक कार्यक्रममा सहभागी हुनुभयो । पोखरा कार्यालयका उप-निर्देशक बसन्तबहादुर थापा समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

# लघुवित्त वित्तीय संस्थाको जोखिम व्यवस्थापन सम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागले २०७६ असोज १० गते लघुवित्त वित्तीय संस्थाको जोखिम व्यवस्थापन तथा समसामयिक बैंकिङ विषयका सम्बन्धमा काठमाडौंमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि डेपुटी गभर्नर शिवराज श्रेष्ठले सबै लघुवित्त वित्तीय संस्थाहरू स्वनियमन तथा अनुशासनमा बस्नुपर्नेतर्फ ध्यानाकर्षण गराउँदै आफ्नो क्षमताको आधारमा मात्र संस्थाले जोखिम बहन गर्नुपर्ने बताउनुभयो । साथै, उहाँले लघुवित्त वित्तीय संस्थाहरू मुनाफामुखी भएको तर संस्था सुधारको निम्ति पर्याप्त चासो नदेखाएको उल्लेख गर्दै लागत घटाउनेतर्फ अग्रसर भई सर्वसाधारणलाई कम ब्याजदरमा कर्जा उपलब्ध गराउन ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा जोखिम व्यवस्थापन विषयक वार्ता प्रस्तुत गर्दै बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले लघुवित्त वित्तीय संस्थामा Risk Culture को विकास गर्नुपर्ने बताउनुभयो । उहाँले संस्थामा Three Lines of Defence लाई क्रियाशिल बनाउने उपायका बारेमा सहभागीहरूलाई जानकारी दिँदै प्रभावकारी जोखिम व्यवस्थापनका सम्बन्धमा समेत प्रकाश पार्नुभयो ।




सो अवसरमा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले लघुवित्त वित्तीय संस्थामा देखिएका प्रमुख कमजोरीबारे संक्षिप्त चर्चा गर्दै नियमनकारी निकायले जारी गरेका निर्देशनहरूको कार्यान्वयनतर्फ चनाखो रहन आग्रह गर्नुभयो ।

सो अवसरमा सहभागीका जिज्ञासालाई सम्बोधन गर्दै वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक सुनिल उदास, विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक ऋषिकेश भट्ट र कानून महाशाखाका निर्देशक रेवतीप्रसाद नेपालले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक ईश्वरीप्रसाद नेउपानेले समसामयिक बैंकिङ विषयमा वार्ता प्रस्तुत गर्दै वित्तीय संस्थाका मर्जर तथा प्राप्ति सम्बन्धी व्यवस्था, शीघ्र सुधारात्मक कारवाही सम्बन्धी व्यवस्था र विभागबाट समय समयमा निरीक्षणका क्रममा देखिएका प्रमुख कैफियतका सम्बन्धमा जानकारी गराउँदै लघुवित्त वित्तीय संस्थाहरूले राष्ट्र बैंकका निर्देशनको पालना गर्नुपर्नेतर्फ ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा नेपाल लघुवित्त बैंकर्स संघका महासचिव बसन्तराज लम्सालसहित विभिन्न लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतले संस्थामा स्रोतको समस्या रहेको र वाणिज्य बैंकहरूबाट प्राप्त सापटीको ब्याजदर बढी भएका कारण लक्षित वर्गमा कम ब्याजदरमा कर्जा उपलब्ध गराउन नसकिएको धारणा राख्नुभएको थियो ।

सो अवसरमा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उप-निर्देशक पदमराज रेग्मीले स्वागत मन्तव्य राख्नुभएको थियो । उप-निर्देशक रामकाजी खाइजुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# एटीएममा २४ सै घण्टा सुरक्षा गार्ड राख्नुपर्ने

नेपाल राष्ट्र बैंकले सम्पूर्ण एटीएम बुथहरूमा चौबिसै घण्टा अनिवार्य रूपमा सुरक्षा गार्डको व्यवस्था गरी बुथहरूको निगरानी गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएको छ ।

बैंकको भुक्तानी प्रणाली विभागले २०७६ असोज ९ गते परिपत्र जारी गर्दै यस्तो निर्देशन दिएको हो । साथै, एटीएम बुथमा कुनै व्यक्ति वा समूहबाट शंकास्पद गतिविधि भएको शंका लागेमा यथाशीघ्र संस्थाले तोकेको पदाधिकारी/निकायमा तत्काल सूचित गर्ने व्यवस्था मिलाउन समेत विभागले निर्देशन दिएको छ ।

यसैगरी परिपत्रमा भुक्तानी प्रणाली परीक्षण (System Audit) बाट प्राप्त भएका कैफियतहरू यथाशीघ्र सुधार गरी नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागमा जानकारी गराउनुपर्ने उल्लेख छ। परिपत्र अनुसार, अनुमतिपत्रप्राप्त हरेक संस्थाले सूचना प्रविधि सम्बन्धमा आकस्मिक सहायता समूह (Information Technology Incident Response Team) गठन गरी कार्यान्वयनमा ल्याइ सोको जानकारी भुक्तानी प्रणाली विभागमा दिनुपर्नेछ ।

साथै, संस्थाको प्रणालीमा कुनै किसिमको साइबर आक्रमण, शंकास्पद गतिविधि वा अनधिकृत पहुँच भएमा अविलम्ब सोको जानकारी भुक्तानी प्रणाली विभागमा गराउन समेत निर्देशन दिइएको छ ।

# घरजग्गा मूल्य सूचकाङ्क सम्बन्धी अन्तरक्रिया सम्पन्न

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले २०७६ असोज ८ गते काठमाडौंमा 'घरजग्गा मूल्य सूचकाङ्क सम्बन्धी अन्तरक्रिया कार्यक्रम' आयोजना गऱ्यो ।

अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टको सभापतित्व र डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम आयोजना भएको हो । सो अवसरमा डेपुटी गभर्नर शिवराज श्रेष्ठले बैंक तथा वित्तीय संस्थाको जोखिम विश्लेषणका क्रममा मूल्य सूचकाङ्कको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

घरजग्गाको मूल्यमा आउने उतारचढावले वित्तीय संकट आउनसक्ने उल्लेख गर्दै सम्भावित जोखिम विश्लेषणको निम्ति घरजग्गा मूल्य सूचकाङ्क तयार गर्न लागिएको जानकारी उहाँले दिनुभयो । साथै, घरजग्गाको वास्तविक मूल्याङ्कनमा उक्त सूचकाङ्कबाट सहयोग पुग्ने र कारोबारमा समेत पारदर्शिता आउने विश्वास उहाँले व्यक्त गर्नभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले घरजग्गा मूल्यमा आउने उतारचढावलाई नियन्त्रण गर्न उक्त सूचकाङ्कले नीतिगत आधार प्रदान गर्ने बताउनुभयो ।

सो अवसरमा अनुसन्धान विभागका का.मु.निर्देशक ईश्वरीप्रसाद भट्टराईले घरजग्गा मूल्य सूचकाङ्क तयार गर्नको निम्ति विभागले गरेको सर्वेक्षणलाई समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । का.मु.निर्देशक भट्टराईका अनुसार, मालपोत तथ्याङ्कमा आधारित सूचकाङ्कको लागि २० जिल्लाका ६ महानगरपालिका, १४ नगरपालिका/उपमहानगरपालिकाका दुई-दुई वडा गरी कुल ४० वडा र ती वडामा शाखा स्थापना भएका ६ वाणिज्य बैंकका शाखालाई सर्वेक्षण स्थलको रूपमा छनोट गरिएको थियो । यस क्रममा २ हजार ५७१ नमूनालाई समेटेर सर्वेक्षण गरिएको जानकारी उहाँले दिनुभयो ।

कार्यक्रममा केन्द्रीय तथ्याङ्क विभागका निमित्त महानिर्देशक नेविनलाल श्रेष्ठले घरजग्गा




सूचकाङ्कसम्बन्धी सर्वेक्षण कार्य सान्दर्भिक रहेको टिप्पणी गर्नुभयो । सो अवसरमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ लगायत अन्य सहभागीले जग्गाको सरकारी दर र बजार मूल्यमा ठूलो अन्तर रहेको उल्लेख गर्दै त्यसले सूचकाङ्कलाई असर पार्नसक्ने धारणा राख्नुभएको थियो । घरजग्गा मूल्याङ्कन सम्बन्धी कानूनी व्यवस्था हुनुपर्नेमा सहभागीहरूको जोड थियो ।

कार्यक्रममा अनुसन्धान विभागका अधिकारी, मालपोत कार्यालय, नापी कार्यालय, घरजग्गा व्यवसायी, लेखापढी व्यवसायी, इन्जिनियर/मूल्याङ्कनकर्ता लगायतको उपस्थिति थियो । अनुसन्धान विभागका सहायक निर्देशक डा. गणेशप्रसाद गौतमले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वित्त कम्पनी सुपरिवेक्षण विभागद्वारा अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभागले २०७६ भदौ ७ गते काठमाडौंमा यस बैंकबाट जारी एकीकृत निर्देशन, प्रचलित ऐन/नियम र तत्कालीन सुपरिवेक्षकीय विषयवस्तुसँग सम्बन्धित एक



दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्ययोजना अनुरूप उक्त विषयवस्तुबारे विभागका कर्मचारीहरूलाई जानकारी दिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा विभागका सम्पूर्ण कर्मचारीहरूको सहभागिता थियो ।

कार्यक्रमका प्रमुख अतिथि एवम् विभागका कार्यकारी निर्देशक सुनिल उदासले स्थलगत निरीक्षणका क्रममा वित्त कम्पनीहरूको कारोबारमा देखिएका कैफियतहरूलाई मध्यनजर गर्दै त्यस्ता कैफियतहरू दोहोरिन नदिनका लागि उपयुक्त दिशानिर्देश गर्न विभागका कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

सो अवसरमा विभागका निर्देशक रविन्द्र महर्जनले सञ्चालक समितिको क्षेत्राधिकार, प्राथमिकताका क्षेत्र, सम्पत्ति शुद्धीकरण, कालोसूची लगायतका विषयवस्तुमाथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । यसैगरी, विभागका अर्का निर्देशक विनोदराज आचार्यले नीति, निर्देशिका, एकीकृत निर्देशन, ऐन, नियममा रहेका व्यवस्थाको बारेमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा वित्त कम्पनी सुपरिवेक्षण विभागका उप-निर्देशकद्वय प्रतिभा अधिकारी र रञ्जना शर्माले एकीकृत निर्देशन-२०७५ र २०७६ मा जारी भएका थप नीतिगत व्यवस्थालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा हायर पर्चेज कर्जा, शेयर कर्जा, कर्जा सूचना, संस्थामा स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियत लगायतका विषयवस्तुहरू समेटिएका थिए ।

# विराटनगरमा विद्युतीय भुक्तानी प्रणाली सम्बन्धी अन्तरक्रिया



नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले २०७६ असोज ६ गते विराटनगरमा 'विद्युतीय भुक्तानी प्रणाली सम्बन्धी सचेतना' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

विराटनगर कार्यालयका निर्देशक रोशनकुमार सिग्देलको अध्यक्षता एवम् भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक बमबहादुर मिश्रको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम आयोजना भएको हो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रदेश तथा शाखाका प्रमुख, भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्थाका प्रतिनिधि, विराटनगर कार्यालयका कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा कार्यकारी निर्देशक मिश्रले नेपालमा रहेका विद्युतीय भुक्तानी प्रणाली सम्बन्धी नीतिगत तथा संस्थागत संयन्त्र, प्रणाली सञ्चालक र सेवा प्रदायक संस्थाहरू, Retail Payment System & Instrument, विद्युतीय भुक्तानी प्रणालीसँग सम्बन्धित जोखिम र त्यसबाट बच्ने सुरक्षित उपायहरू, कानूनी व्यवस्था लगायत नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरू तथा विद्युतीय भुक्तानी प्रणालीसँग सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्ड जस्ता विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा कार्यकारी निर्देशक मिश्रले सहभागीद्वारा राखिएका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो ।

कार्यक्रममा विराटनगर कार्यालयका उप-निर्देशक अमृतबहादुर बुढाथोकीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रामकृष्ण राईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखरामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले २०७६ असोज १० गते पोखरामा 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी सचेतना तथा FIU IT Software System (goAML) को कार्यान्वयन' विषयक एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

वित्तीय जानकारी इकाईसँगको समन्वयमा पोखरा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । पोखरा कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, मनिचेन्जर एसोसिएसन, शेयर कारोबार गर्ने ब्रोकरका प्रतिनिधि, कार्यालयको कार्यक्षेत्रका विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि तथा कार्यालयका कर्मचारीसहित करिब ७० जनाको सहभागिता थियो ।



सो अवसरमा पोखरा कार्यालयका का.मु.उप-निर्देशक टिकाराम आचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्य र उपादेयतामाथि संक्षिप्त प्रकाश पार्नुभएको थियो । कार्यक्रममा वित्तीय जानकारी इकाईका उप-निर्देशक चन्द्रमणी निरौला र का.मु.उप-निर्देशक दिर्घबहादुर थापाले सम्पत्ति शुद्धीकरण निवारण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी सचेतना तथा FIU IT Software System (goAML) लगायतका विषयसँग सम्बन्धित नीतिगत व्यवस्था, कार्यान्वयन स्थिति तथा आगामी कार्यदिशाका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

उप-निर्देशक निरौलाले सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी बढेकाले यसप्रति सरोकारवाला सजक रहन आग्रह गर्दै सहभागीहरूले उठाएका जिज्ञासाहरूको जवाफ दिनुभयो । कार्यक्रममा पोखरा कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलले सम्पत्ति शुद्धीकरण निवारण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको कार्य महत्वपूर्ण विषय रहेको उल्लेख गर्दै FIU IT Software System (goAML) कार्यान्वयन सम्बन्धमा राष्ट्र बैंकका नीति नियम पालना गरी सहयोग गर्न सरोकारवालालाई आग्रह गर्नुभयो ।

पोखरा कार्यालयका प्रधान सहायक अर्जुनराज तिवारीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धनगढी, नेपालगञ्ज र पोखरामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, धनगढी, नेपालगञ्ज र पोखरा कार्यालयमा २०७६ असोज महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । आ.व.२०७६/७७ को कार्ययोजना बमोजिम तीन वटै कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना भएको हो ।





धनगढी कार्यालयले असोज २ गते कार्यालयको सभाहलमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका निर्देशक निश्चल अधिकारीले 'Cashless Economy:



Nepalese Perspective' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा नगदरहित वित्तीय कारोबारमा प्रयोग हुने प्रिपेड कार्ड, डेबिट कार्ड, ई-वालेट, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ जस्ता विद्युतीय माध्यमको प्रयोग, नेपालमा नगदरहित कारोबारको नीतिगत/कार्यगत अभ्यास, समस्या र भविष्यका सम्भावना लगायतलाई समेटिएको थियो । कार्यपत्रमा नगदरहित कारोबार र अर्थतन्त्रको अन्तर्राष्ट्रिय अभ्यासलाई समेत विवेचना गरिएको थियो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

यसैगरी, नेपालगञ्ज कार्यालयले पनि असोज २७ गते कार्यालयको सभाकक्षमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका उप-निर्देशक नारायणप्रसाद पोखेलले 'वर्तमान आर्थिक स्थिति र मौद्रिक नीतिः सन्दर्भ नेपाल' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । उहाँको प्रस्तुतिमा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा देखिएको विकासक्रम, नेपालको अर्थतन्त्रको वास्तविक क्षेत्र, मौद्रिक क्षेत्र, वित्तीय क्षेत्र, बाह्य क्षेत्र, सरकारी वित्त क्षेत्रमा देखिएको प्रवृत्ति, राष्ट्र बैंकले जारी गरेको आ.व.२०७६/७७ को मौद्रिक नीतिका विशेषता र अर्थतन्त्रले सामना गर्नुपरेका चुनौतीहरू समेटिएको थियो ।

कार्यक्रममा नेपालगञ्ज कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । सो अवसरमा कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटा र उप-निर्देशक पोखेलले छलफलमा उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

यसैगरी, पोखरा कार्यालयले असोज २९ गते कार्यालयको सभाकक्षामा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा उप-निर्देशक रामकुमार कार्कीले 'Managing Interpersonal Relationship' शीर्षकमा वार्ता प्रस्तुत गर्नुभयो ।

वार्ता प्रस्तुतिका क्रममा उप-निर्देशक कार्कीले व्यक्तिगत र व्यावसायिक/पेशागत जीवनमा आउन सक्ने घटनाको प्रभाव एक अर्कामा प्रत्यक्ष रूपमा जोडिने भएकाले सकारात्मक सम्बन्ध कायम राख्न सकेमा व्यक्तिगत र पेशागत/व्यावसायिक जीवन सहज हुने विचार राख्नुभयो । साथै उहाँले व्यक्तिको अन्तस्करणमा निहित मनोवैज्ञानिक पहिचानबाट उसका व्यवहार र दृष्टिकोण प्रतिविम्वित हुने उल्लेख गर्दै सकारात्मक सन्देश दिन सकेमा कार्य वातावरणमा समेत राम्रो प्रभाव पर्ने बताउनुभयो ।

सो अवसरमा कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलले आफुले विशेषज्ञता हासिल गरेको विषयमा ज्ञान आदानप्रदान गरी क्षमता अभिवृद्धि गर्नुका साथै ज्ञान हस्तान्तरण गर्ने परिपाटी विकास गर्न उपस्थित सहभागीहरूलाई आग्रह गर्नुभयो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

# संविधान दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना

नेपाल राष्ट्र बैंकले संविधान दिवसका अवसरमा रक्तदान कार्यक्रम आयोजना गऱ्यो । बैंकको सामान्य सेवा विभागद्वारा बालुवाटारस्थित बैंक परिसरमा २०७६ असोज २ गते रक्तदान कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा ५५ जनाले रक्तदान गरेको जानकारी विभागले दिएको छ ।

संविधान दिवसकै अवसरमा धनगढी कार्यालयले असोज २ गते कार्यालय परिसरमा सरसफाइ र राष्ट्रिय झण्डाको झण्डोत्तोलन कार्यक्रम सम्पन्न गऱ्यो । साथै, कार्यालयले असोज ३ गते धनगढी बजारको ट्राफिक चोकदेखि कभर्ड हल मैदानसम्म प्रभातफेरी कार्यक्रम समेत आयोजना गरेको थियो ।

# प्युठानमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले २०७६ असोज ७ गते प्युठानको बिजुवारमा आर्थिक तथा वित्तीय कारोबारको विषयमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा रोल्पा र प्युठानका उद्योगी, व्यवसायी, सरकारी निकाय, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, सञ्चारकर्मी र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रम सिद्धार्थनगर कार्यालयका निर्देशक राजेन्द्र भट्टराईको अध्यक्षतामा सम्पन्न भएको हो ।

सो अवसरमा कार्यपत्र प्रस्तुत गर्दै निर्देशक भट्टराईले समग्र मुलुकको आर्थिक तथा बैंकिङ अवस्थासँगै प्युठान र रोल्पा जिल्लाको वित्तीय सूचकहरूको चर्चा गर्नुभयो । साथै, उहाँले वित्तीय सेवा र पहुँचको विस्तार गरी कृषि, उद्योग र पर्यटन जस्ता उत्पादनशील क्षेत्रमा उद्यमशीलता विकास गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । निर्देशक भट्टराईले प्युठान र रोल्पा जिल्लाका पर्यटकीय क्षेत्रको प्रवर्द्धन र व्यावसायिक कृषि मार्फत समग्र जिल्लाको आर्थिक अवस्था सुधार गर्न सकिने चर्चा गर्नुभयो ।




कार्यपत्रमाथि टिप्पणी गर्दै स्वर्गद्वारी बहुमुखी क्याम्पसका उप-प्राध्यापक नेत्रमणि आचार्यले वित्तीय साक्षरतामार्फत लक्षित वर्गसम्म बैंकिङ पहुँच पुऱ्याउन राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिनुपर्ने बताउनुभयो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका उप-निर्देशक विवेक कोइरालाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको महत्व र उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा प्युठान उद्योग वाणिज्य संघका अध्यक्ष केदारमान कक्षपतिले आयातलाई निरुत्साहित गर्दै व्यावसायिक कृषिमार्फत मुलुकलाई समृद्ध बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा डिभिजन वन कार्यालय, रोल्पाका प्रमुख राजु क्षेत्री, महेन्द्र माविका प्रअ पिताम्बर पौडेल, जिल्ला सहकारी संघका अध्यक्ष ओमभक्त पण्डित, उद्योग वाणिज्य संघ, रोल्पाका अध्यक्ष वसन्त सुवेदी, झिमरुक गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसाल, नेपाल बैंक लिमिटेड, बिजुवारका शाखा प्रबन्धक नरेन्द्रकुमार मिश्र, पशु सेवा केन्द्र, रोल्पाका प्रमुख सुदाम भक्त, उद्योग वाणिज्य संघ, प्युठानका उपाध्यक्ष मुक्ति पोखरेल लगायतले मन्तव्य राख्नुभएको थियो ।

सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक रमेशकुमार न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सप्तरीमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न

प्रयास पुस्तकालयले २०७६ असोज २९ गते सप्तरीको सप्तकोशी नगरपालिका-८, ओद्राहामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयसँगको समन्वयमा प्रयास पुस्तकालयले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा स्थानीय कृषक, महिला, स्थानीय व्यवसायी, शिक्षक, विद्यार्थी समेत कुल २०० भन्दा बढीको सहभागिता थियो । सो अवसरमा वित्तीय चेतना अभिवृद्धि गर्ने विषयवस्तु समेटिएका दुई वटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । कार्यक्रममा स्रोत व्यक्तिहरूमार्फत बैंकिङ तथा वित्तीय प्रणालीको आधारभूत जानकारी, निक्षेप र कर्जा, लघु वित्त सेवा, विप्रेषण, आधुनिक भुक्तानी प्रणाली, बीमा (जीवन/नीर्जिवन) लगायतका विषयमा सहभागीहरूलाई जानकारी दिइएको थियो ।



एनआईसी एसिया बैंक, तिरहुत शाखाका प्रतिनिधि नन्दकिशोर गुप्ताले स्थानीय भाषामा वार्ता प्रस्तुत गर्नुभएको थियो । यसैगरी, स्थानीय मदन मेमोरियल कलेजका प्राचार्य युवराज खनाल, त्रियुगा सहकारी संस्थाका व्यवस्थापक दीपक कार्की, एलआईसी इन्स्योरेन्स कम्पनीका प्रतिनिधि शम्भुप्रसाद चौधरीले वित्तीय चेतना अभिवृद्धि सम्बन्धी वार्ता प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयका प्रधान सहायक चन्दनसिंह चौधरीको समेत उपस्थिति थियो । प्रयास पुस्तकालयका अध्यक्ष रमेशकुमार कार्कीको सभापतित्वमा सम्पन्न भएको थियो ।

# डोटीमा सहुलियतपूर्ण कर्जा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले २०७६ असोज ७ गते डोटीको दिपायलमा 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीको उपस्थितिमा सम्पन्न कार्यक्रममा कार्यालयका सहायक निर्देशक द्रोणबहादुर सिंहले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा सहुलियतपूर्ण कर्जामा दिइने ब्याज अनुदान सम्बन्धी कार्यविधि, लक्षित वर्ग, कर्जाको उद्देश्य, ऋणीले पेश गर्नुपर्ने आवश्यक कागजात, कर्जा लिने प्रक्रिया र उक्त कर्जा प्रवाहमा देखिएका चुनौती जस्ता विषयको बारेमा उल्लेख गरिएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था, कृषि विकास निर्देशनालय, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, दिपायल नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, डोटी उद्योग वाणिज्य संघ, वीमा कम्पनी, सहकारी संस्थाका प्रतिनिधि तथा स्थानीय व्यवसायी, कृषक, सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।



सो अवसरमा सहभागीहरूले परियोजनाको सान्दर्भिकता र उद्यमीको पहिचान गरी सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुपर्ने, यस्तो कर्जाबारे लक्षित वर्गमा जानकारी दिनुपर्ने, सो सम्बन्धी प्रचारप्रसार गर्नुपर्ने र भारतमा रोजगारी गरेर फर्केका युवालाई समेत उक्त सुविधा उपलब्ध गराइनुपर्नेमा जोड दिएका थिए । सहुलियतपूर्ण कर्जा प्रवाहको निम्ति सम्बद्ध निकायबीच प्रभावकारी समन्वय हुनुपर्ने आवश्यकता उनीहरूले औंल्याएका थिए ।

कार्यक्रममा धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीले सहुलियतपूर्ण कर्जा प्रवाहको निम्ति बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिँदै सहभागीहरूले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यक्रममा धनगढी कार्यालय, बैंकिङ विकास तथा अनुसन्धान इकाईका का.मु.उप-निर्देशक झकेन्द्रबहादुर शाहीले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यालयका प्रधान सहायक रामकुमार चौधरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो

# अनुसन्धान विभागद्वारा Research Meet कार्यक्रमको शुरुवात

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले २०७६ साउनदेखि मासिक रूपमा Research Meet कार्यक्रमको शुरुवात गरेको छ ।

सो कार्यक्रम अन्तर्गत साउन २६ गते केन्द्रीय तथ्याङ्क विभागका तत्कालीन महानिर्देशक सुमनराज अर्यालले 'राष्ट्रिय लेखा' को सैद्धान्तिक र व्यवहारिक पक्षबारे वार्ता प्रस्तुत गर्नुभयो । यसैगरी, भदौ २९ गते राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष एवम् राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले "Migration and Development: Reversing the flow of International Migration for global Growth and Prosperity" विषयमा वार्ता प्रस्तुत गर्नु भएको थियो ।

आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्ययोजना बमोजिम उक्त कार्यक्रमको शुरुवात गरिएको हो । आर्थिक, मौद्रिक तथा वित्तीय क्षेत्रको नीति-निर्माण तह तथा अनुसन्धान कार्यमा विशेषज्ञता हासिल गरेका विज्ञलाई आमन्त्रण गरी ज्ञान आदान-प्रदान गर्ने उद्देश्यका साथ Research Meet कार्यक्रमको थालनी गरिएको विभागले जनाएको छ ।

यस क्रममा विभागले असोज १ गते पूर्व का.मु. गभर्नर कृष्णबहादुर मानन्धरको उपस्थितिमा ललितपुर, पुल्चोकस्थित राष्ट्रिय सहकारी विकास बोर्डको सभाकक्षमा Research Meet कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा का.मु. गभर्नर मानन्धरले विदेशी विनिमय पद्धतिसँग सम्बन्धित विविध अनुभव प्रस्तुत गर्नुभयो ।

उहाँले स्थिर विनिमय दर पद्धतिका लाभ, सो परिवर्तन गर्दाका चुनौतीको बारेमा जानकारी दिँदै आफू विदेशी विनिमय व्यवस्थापन विभागमा कार्यरत रहँदाका अनुभव प्रस्तुत गर्नुभयो । नेपालले अख्तियार गरेको विनिमय नीति, सोको थालनीको बारेमा चर्चा गर्दै विदेशी विनिमयका सम्बन्धमा समय सान्दर्भिक सुझावहरू दिनुभएको थियो ।



कार्यक्रम अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले कार्यक्रमको उपलब्धिबारे प्रकाश पार्दै कार्यक्रमको समापन गर्नुभएको थियो । विभागका निर्देशक डा. रामशरण खरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वैदेशिक तालिम/सेमिनारमा सहभागिता

आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक भुवन कडेल International Banking and Finance Institute (IBFI) द्वारा २०१९ सेप्टेम्बर ३०-अक्टोबर ४ मा फ्रान्सको पेरिसमा आयोजित Financial Stability and Macroprudential Policies of Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो। वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक सुनिल उदास Bank of Korea ले २०१९ अक्टोबर १५-१८ मा कोरियाको सोलमा आयोजना गरेको Financial Stability विषयक कार्यक्रममा सहभागी हुनुभयो। बैंकिङ कार्यालयका उप-निर्देशक प्रमेश पोखरेल समेत सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

बैंकिङ कार्यालयका कार्यकारी निर्देशक नरेश शाक्य SEACEN ले २०१९ अक्टोबर ७-११ मा इण्डोनेशियाको बालीमा आयोजना गरेको SEACEN-FSI Course on FinTech Regulation, including Virtual Currencies विषयक कार्यक्रममा सहभागी हुनुभयो। विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक धीरेन्द्रकुमार आर.सी., नेपालगञ्ज कार्यालयका सहायक निर्देशक भिमार्जुन शाह, धनगढी कार्यालयका सहायक निर्देशक प्रेम चन्द ठकुरी र वित्त कम्पनी सुपरिवेक्षण विभागका सहायक निर्देशक मनोजकुमार थापा समेत सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक बमबहादुर मिश्र International Finance Corporation (IFC) ले २०१९ अक्टोबर १६-१७ मा टर्कीको इस्तानबुलमा आयोजना गरेको 5th International Conference of Regional Card Schemes and Retail Financial Market Infrastructure विषयक कार्यक्रममा सहभागी हुनुभयो। मुद्रा व्यवस्थापन विभागका निर्देशक दयाराम शर्मा पंगेनी Bank of Korea ले २०१९ अक्टोबर १५-२१ मा दक्षिण कोरियाको सोलमा आयोजना गरेको 2019 BOK-KPP Interim Seminar and Capacity Building Program विषयक कार्यक्रममा सहभागी हुनुभयो। लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उप-निर्देशक राजनप्रसाद अधिकारी, गभर्नरको कार्यालयका उप-निर्देशक सुशिल ज्ञवाली, गभर्नरको कार्यालयका सहायक निर्देशक मनोजकुमार के.सी. र बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक जुगलकिशोर कुशवाहा समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

यसैगरी, बैंक सुपरिवेक्षण विभागका निर्देशक विश्रुत थापा Istanbul School of Central Banking (ISCB) द्वारा २०१९ सेप्टेम्बर २३-२६ मा टर्कीको इस्तानबुलमा आयोजित Prudential Supervision of the Banking Sector and Macro Prudential Regulations विषयक कार्यक्रममा सहभागी हुनुभयो।

विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक गुरूप्रसाद पौडेल Federal Reserve Bank of New York ले २०१९ अक्टोबर १४-१८ मा संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा आयोजना गरेको Central Banking Seminar विषयक कार्यक्रममा सहभागी हुनुभयो। वित्त व्यवस्थापन विभागका निर्देशक चेतप्रसाद उप्रेती SEACEN द्वारा २०१९ सेप्टेम्बर २३-२६ मा सिंगापुरमा आयोजित SEACEN Leadership Master Class II: Leading Innovation and Creating Value विषयक कार्यक्रममा सहभागी हुनुभयो। जनशक्ति व्यवस्थापन विभागका उप-निर्देशक दुर्गेशगोपाल श्रेष्ठ पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

विराटनगर कार्यालयका निर्देशक रोशनकुमार सिग्देल International Labor Organization (ILO) द्वारा २०१९ अक्टोबर ७-११ मा इटालीको टुरिनमा आयोजित Financial Education Programme Design and Implementation: Course for Policy Makers and Practitioners विषयक कार्यक्रममा सहभागी हुनुभयो।

भुक्तानी प्रणाली विभागका निर्देशक आनन्द पौड्याल SEACEN द्वारा २०१९ अक्टोबर १५-१८ मा थाइल्याण्डको बैंककमा आयोजित SEACEN Seminar on Big Data, Regulatory Technology and Supervisory Technology विषयक कार्यक्रममा सहभागी हुनुभयो। बैंकिङ कार्यालयका सहायक निर्देशक रबिन शर्मा भेटवाल, धनगढी कार्यालयका सहायक निर्देशक खडकबहादुर चौधरी, विराटनगर कार्यालयका सहायक निर्देशकद्वय दिवाकरप्रसाद अधिकारी र तारानाथ दाहाल पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक नरेन्द्र सिंह विष्ट Asian Development Bank (ADB) ले २०१९ अक्टोबर २५-२८ मा भुटानको पारोमा आयोजना गरेको Workshop on Risk Management of Small and Medium Enterprise Lending विषयक कार्यक्रममा सहभागी हुनुभयो।

वीरगञ्ज कार्यालयका निर्देशक राजनविक्रम थापा SEACEN द्वारा २०१९ सेप्टेम्बर २३-२७ मा ब्रुनाइमा आयोजित SEACEN Federal Reserve Course on Advanced Stress Testing and Capital Planning विषयक कार्यक्रममा सहभागी हुनुभयो। बैंक तथा वित्तीय संस्था नियमन विभागका उप- निर्देशक दिपेन्द्रप्रसाद पोखरेल, वित्त कम्पनी सुपरिवेक्षण विभागका सहायक निर्देशक मनोज गुरुङ र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक रेशमबहादुर बल्छौडी पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

सामान्य सेवा विभागका कायम मुकायम निर्देशक देवेन्द्र गौतम UK Aid Access to Finance द्वारा २०१९ सेप्टेम्बर २३-२५ मा भारतको मुम्बईमा आयोजित

NRB Officials Operations Training for Modular Data Center विषयक कार्यक्रममा सहभागी हुनुभयो । सामान्य सेवा विभागका सहायक निर्देशक हरिशचन्द्र ढकाल, सूचना प्रविधि विभागका सहायक निर्देशक (सू.प्र.) द्वय दिपेशकुमार श्रेष्ठ र सागरमायालु जोशी र जनशक्ति व्यवस्थापन विभागका का.मु. सहायक निर्देशक उत्तम गुणी पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । वित्त व्यवस्थापन विभागका कायम मुकायम निर्देशक राजनदेव भट्टराई DEUTSCHE BUNDESBANK द्वारा २०१९ सेप्टेम्बर २५-२७ मा जर्मनीको फ्र्याङ्कफर्टमा आयोजित Expert Panel on Document Management विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका कायम मुकायम निर्देशक माधव दंगाल IBFI द्वारा २०१९ अक्टोबर १४-१८ मा फ्रान्सको पेरिसमा आयोजित Using DSGE Models for Policy Analysis, Level 2 विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक पिताम्बर सापकोटा Currency Research द्वारा २०१९ सेप्टेम्बर २३-२६ मा श्रीलंकाको कोलम्बोमा आयोजित Annual Asia Cash Cycle Seminars मा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका उप-निर्देशक टेकराज भण्डारी IBFI द्वारा २०१९ सेप्टेम्बर २५-२७ मा फ्रान्सको पेरिसमा आयोजित Market Infrastructure, Payment Systems and Instrument विषयक कार्यक्रममा सहभागी हुनुभयो । कानून महाशाखाका उप-निर्देशक रामशरण पोखरेलल Yunnan International Center for Economic & Technical Exchange द्वारा २०१९ सेप्टेम्बर २०-२९ मा चीनको कुनमिङमा आयोजित Anti-Money Laundering for Nepal विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्तीय जानकारी इकाईका सहायक निर्देशक रविन्द्र भट्टराई र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक निरज अधिकारी पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

जनशक्ति व्यवस्थापन विभागका उप-निर्देशक जिवनप्रकाश पाण्डेय CICTAB ले २०१९ सेप्टेम्बर २७-अक्टोबर ६ मा भारतको पुनेमा आयोजना गरेको Agri Value Chain Financing विषयक कार्यक्रममा सहभागी हुनुभयो । वीरगञ्ज कार्यालयका उप-निर्देशक सुरेश शिवाकोटी पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक भागवत आचार्य ISCB द्वारा २०१९ सेप्टेम्बर ३०-अक्टोबर २ मा टर्कीको इस्तानाबुलमा आयोजित Foreign Exchgange Reserve and Risk Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वीरगञ्ज कार्यालयका उप-निर्देशक श्यामराज त्रिपाठी SEACEN द्वारा २०१९ अक्टोबर ६-११ मा पपुआ न्यूगिनीमा आयोजित SEACEN Intermediate Course on Analytics of Macroeconomic and Monetary Policy Management विषयक कार्यक्रममा सहभागी हुनुभयो । राष्ट्र ऋण व्यवस्थापन विभागका उप-निर्देशक सौनभ श्रेष्ठ र विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक ढुण्डीराज मिश्र पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । अनुसन्धान विभागका उप-निर्देशक अबन्तिका रिमाल STI द्वारा २०१९ अक्टोबर ७-१८ मा सिंगापुरमा आयोजित Course on Vulnerability Diagnostics विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका उप-निर्देशक डम्बर सुबेदी DEUTSCHE BUNDESBANK द्वारा २०१९ अक्टोबर ७-११ मा जर्मनीको फ्र्याङ्कफर्टमा आयोजित Course Level 1 on Seasonal Adjustment of Economic Data विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उप-निर्देशक रामकाजी खाइजु SEACEN द्वारा २०१९ सेप्टेम्बर ३०-अक्टोबर ४ मा फिलिपिन्सको सेबुमा आयोजित SEACEN Course on Financial Liquidity Risk Measurement and Management विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंकिङ कार्यालयका सहायक निर्देशक बसन्ती श्रेष्ठ, वित्त व्यवस्थापन विभागका सहायक निर्देशक विष्णुकुमारी खड्का र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक सुशीलकुमार दास पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

धनगढी कार्यालयका उप-निर्देशक डिल्लीराम पोखरेल SEACEN द्वारा २०१९ अक्टोबर ७-११ मा टर्कीको इस्तानाबुलमा आयोजित Survey Design and Implementation विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका उप-निर्देशक राजु पौडेल Bank of Negara Malaysia द्वारा २०१९ सेप्टेम्बर २३-२५ मा मलेशियाको क्वालालाम्पुरमा आयोजित Currency Management and Operations विषयक कार्यक्रममा सहभागी हुनुभयो । जनकपुर कार्यालयका सहायक निर्देशक रामप्रमोद साह, वित्त व्यवस्थापन विभागका सहायक निर्देशक मोहनध्वज खड्का र कानून महाशाखाका सहायक निर्देशक मोतीराम बैद्य पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

अनुसन्धान विभागका उप-निर्देशक प्रेमप्रसाद आचार्य Federal Reserve Bank of New York द्वारा २०१९ अक्टोबर ७-११ मा अमेरिकाको न्यूयोर्कमा आयोजित U.S. Monetary Policy Implementation विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक जगदीश कुमार र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक स्नेहा अग्रवाल BIS द्वारा २०१९ अक्टोबर १६-१७ मा इन्डोनेशियाको जकार्तामा आयोजित FSI-EMEAP Meeting on Implementation of Expected Credit Loss Provisioning: Implication for Regulation and Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

# गुरु नानक जयन्ती अंकित सिक्का सार्वजनिक



नेपाल राष्ट्र बैंकले शिख धर्मका प्रवर्तक गुरु नानक देवजीको ५५० औं जन्म जयन्तीका अवसरमा तीन वटा दरका सिक्का निष्काशन गरेको छ। बैंकले गुरु नानक जयन्तीको प्रतीकका रूपमा रु.१००, रु.१००० र रु.२,५०० दरका स्मारिका सिक्काहरू निष्काशन गरेको हो ।

गुरु नानक जयन्तीका अवसरमा २०७६ असोज १० गते काठमाडौंमा आयोजित एक समारोहमा तीन वटै दरका स्मारिका सिक्काहरू सार्वजनिक गरिएको हो । कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपाल र नेपालका लागि भारतीय राजदूत मञ्जिव सिंह पुरीले संयुक्त रूपमा सिक्का सार्वजनिक गर्नुभयो । सो अवसरमा उहाँहरूले 'शिख हेरिटेज अफ नेपाल' नामक पुस्तकको लोकार्पण समेत गर्नुभयो । बीपी कोइराला भारत नेपाल फाउण्डेशन र भारतीय दुतावासद्वारा प्रकाशित उक्त पुस्तकमा शिख समुदायलाई नेपालसँग जोड्ने प्रयास गरिएको छ । कार्यक्रममा सार्वजनिक सिक्काहरूमध्ये रु.१०० दरको तामा तथा रु.१००० र रु.२५०० दरको चाँदीबाट बनाइएको छ । नेपाल राष्ट्र बैंकले यी सिक्काहरू अंकित मूल्यकै दरमा विक्रीको निम्ति खुल्ला गरेको छ ।

समारोहमा राजदूत मञ्जिव सिंह पुरीले गुरु नानक जयन्ती अंकित सिक्काको प्रकाशन र पुस्तकको प्रकाशनलाई सराहनीय कार्यको रूपमा चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, "यो प्रयासले नेपालसँग शिख समुदायको गहिरो सम्बन्ध दर्शाउन मद्दत गरेको छ ।" कार्यक्रममा राजदूत पुरीले शिख धर्मको प्रवर्तनमा गुरु नानकले पुऱ्याएको योगदानको समेत चर्चा गर्नुभयो । राजदूत पुरीले हरेक मानवले आफूले आर्जन गरेको ज्ञान र सीप अरुलाई बाँड्नुपर्ने उल्लेख गर्दै गुरु नानक सम्पूर्ण मानव जातिकै गुरु रहेको चर्चा समेत गर्नुभयो ।

सो अवसरमा गभर्नर डा. चिरंजीबि नेपालले नेपालको सामाजिक विकासमा शिख समुदायबाट उल्लेख्य योगदान मिलेको चर्चा गर्नुभयो । भावी दिनमा शिख समुदाय र नेपालको सामाजिक, सांस्कृतिक र धार्मिक सम्बन्ध थप प्रगाढ बन्दै जानुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

समारोहमा डेपुटी गभर्नर शिवराज श्रेष्ठ, मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के र अन्य अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो । सो अवसरमा भारतीय लोकसभाका पूर्व उपसभामुख चरणजीत सिंह, शोरोमणि गुरुद्वारा कमिटीका अध्यक्ष एस गोबिन्द सिंह लोंगोवाल, शिख सम्प्रदायका एस.हरप्रीत सिंह, अमृतसर, पञ्जाब, हरियाणा र हिमाञ्चलस्थित ऐतिहासिक गुरुद्वाराका व्यवस्थापकहरू, पञ्जाब प्रदेशका शिख नेताहरूको उपस्थिति थियो । साथै, नेपालका शिख समुदायका प्रतिनिधिको समेत कार्यक्रममा उपस्थिति रहेको थियो ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
सुशिल ज्ञवाली

**सम्पादन सहयोगी**
विष्णुदत्त पाण्डेय
लालकुमार सुवेदी
नवीना ताम्राकार

**मुद्रण :** अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, **फोन नं.** ०१-५७०६११६, ५७०५९१८